मगर मातृभाषी शिक्षकद्वारा नेपाली भाषा शिक्षण : चुनौती र अवसर

विष्णु घिमिरे, सहायक प्राध्यापक,
आदिकवि भानुभक्त क्याम्पस

लेखसार

'मगर मातृभाषी शिक्षकद्वारा नेपाली भाषा शिक्षण : चुनौती र अवसर' शीर्षकको प्रस्तुत अध्ययनको उद्देश्य मगर मातृभाषिक पृष्ठभूमिका नेपाली विषय शिक्षकको नेपाली भाषा शिक्षण अनुभव विश्लेषण गर्नु रहेको छ । गुणात्मक अनुसन्धान ढाँचामा आधारित प्रस्तुत अध्ययनमा तनहुँ जिल्लामा माध्यमिक तहमा नेपाली भाषा विषय अध्यापन गर्ने चारजना मगर मातृभाषी शिक्षकहरूलाई उद्देश्यपूर्ण नमुना छनौट पद्धतिद्वारा चयन गरी प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ । अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कलाई गुणात्मक पद्धतिमा आधारित भई व्याख्या विश्लेषण गरिएको छ । अध्ययनमा द्वितीयक स्रोतका सामग्री पनि प्रयोग भएका छन् । व्यवस्थित रूपमा सहभागीहरूको अनुभवलाई विश्लेषण गर्दै जाँदा मगर मातृभाषी नेपाली विषय शिक्षकलाई उच्चारण, लबज, पदसङ्गति, शुद्धाशुद्धी र मानक प्रयोगमा समस्या हुने गरेको निष्कर्ष प्राप्त भएको छ । मगर मातृभाषी विद्यार्थीको बाहुल्यता भएको विद्यालयमा सेवारत मगर मातृभाषी नेपाली विषय शिक्षकलाई भने बाधा कम सहजता धेरै भएको पाइयो । नेपाली अध्यापन गर्ने मगर मातृभाषी शिक्षकहरूले पनि सचेततापूर्वक प्रशस्त अध्ययन र अभ्यास गरेर प्रभावकारी तरिकाले नेपाली शिक्षण गर्दा खासै समस्या नपरेको निष्कर्ष प्राप्त भयो । सम्बन्धित शिक्षकले आफ्नो मातृभाषाको भाषिक व्यवस्था र नेपाली भाषाको भाषिक व्यवस्थाको व्यतिरेकी अध्ययन गरेर नेपाली शिक्षणलाई स्तरीय बनाउनुपर्ने आवश्यकता देखिन्छ ।

मुख्य शब्दावली : मातृभाषा, लिपि, अक्खा, व्यतिरेकी, शिक्षण, सङ्गति ।

प्रवेश

भाषा एक व्यवस्था हो । सबै भाषाको आआफ्नै मौलिक व्यवस्था हुन्छ । एउटा भाषामा परेको बानी अर्को भाषा प्रयोगमा स्थानान्तरण हुँदा केही भाषिक प्रयोग अमानक हुन पुग्छ । संसारमा फरक फरक प्रकृति तथा व्यवस्थाका भाषाहरू बोलिन्छन् । भाषाको विशेषता, व्यवस्था तथा प्रकृतिको ख्याल गर्दै भाषावैज्ञानिकहरूले विभिन्न भाषा परिवारहरू निर्धारण गरेका छन् । नेपालमा भारोपेली, चिनियाँ तिब्बती, आग्नेय र द्रविड गरी चार परिवारका भाषाहरू बोलिन्छन् । केही लोपोन्मुख भाषा बाहेक नेपालमा बोलिने सबैजसो भाषाहरू भारोपेली र चिनियाँ तिब्बती परिवारअन्तर्गत पर्दछन् ।

पूर्वकार्यको पुनरावलोकन

अधिकारी (२०६७) को भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति सन्दर्भ पुस्तकमा नेपाली भाषा शिक्षणको गहन अध्ययन भएको छ। भाषा सिकाइ प्रक्रिया, भाषा शिक्षणका पद्धति र विधि, भाषाका पाठ्यक्रममा पाठ्यवस्तुहरूको छनोट र स्तरण, भाषा शिक्षण प्रक्रियाजस्ता शीर्षकमा गहन विश्लेषण गरिएकाले उक्त ग्रन्थले प्रस्तुत अध्ययनलाई सहयोग पुऱ्याएको छ। शर्मा र पौडेल (२०६७) को नेपाली भाषा र साहित्य शिक्षण पुस्तकमा नेपाली भाषा शिक्षणका विविध आयाम विश्लेषण गरिएको छ। उक्त सामग्रीले प्रस्तुत अध्ययनलाई सही दिशा प्रदान गर्नै सहयोग पुऱ्याएको छ। पौडेल (२०६७) द्वारा तयार पारिएको सन्दर्भ ग्रन्थ भाषा पाठ्यक्रम, पाठ्यसामग्री तथा शिक्षण पद्धतिमा भाषा पाठ्यक्रम निर्माणका सिद्धान्त, भाषाका पाठ्यवस्तु, भाषाको पाठ्यक्रम, पाठ्यपुस्तक, पुरक सामग्री लगायतका विषयमा केन्द्रित भई गहन विश्लेषण गरिएको छ। नेपाली भाषा शिक्षणको प्रकृति तथा प्रक्रिया बुझ्न उपयोगी ग्रन्थ भएकाले प्रस्तुत अध्ययनलाई सहयोग प्रत्यक्ष परोक्ष पुगेको छ। पोखरेल (२०७१) द्वारा नेपाली र मगर भाषाबिच पदसङ्गतिको तुलनात्मक अध्ययन शीर्षकमा शोधपत्र तयार गरिएको छ। उक्त अध्ययनमा नेपाली भाषाको पदसङ्गति र मगर भाषाको पदसङ्गतिमा भएका समानता र भिन्नता केलाउँदै दुबै भाषामा मौलिक प्रकृतिको पदसङ्गति व्यवस्था रहेको निचोड निकालिएको छ।

प्रस्तुत अध्ययनको विषय पनि उक्त दुबै भाषासँग सम्बन्धित भएकाले उक्त अध्ययनले सहयोग पुऱ्याएको छ। श्रेष्ठ (२०७३) द्वारा मगर भाषा र नेपाली भाषाको व्यतिरेकी अध्ययन शीर्षकमा शोधपत्र तयार गरिएको छ। उक्त अध्ययनमा नेपाली र मगर भाषा बिच रहेका वर्णगत व्यवस्था, पदसङ्गतिगत व्यवस्था, वाक्यगत व्यवस्था, अर्थगत व्यवस्था लगायतका पक्षको तुलनात्मक अध्ययन गरिएको छ। उक्त शोधकार्यले प्रस्तुत अध्ययनलाई सहयोग पुऱ्याएको छ। टेलर एण्ड फ्रेन्सिज (सन् २०१३) द्वारा तयार गरिएको नननेटिभ एडुकेटर्स इन इङ्ग्लिस ल्याङ्वेज नामक सन्दर्भ सामग्रीमा अङ्ग्रेजी मातृभाषा नभएका शिक्षकद्वारा अङ्ग्रेजी शिक्षणका क्रममा भोग्नुपर्ने समस्या, प्रभाव, समस्या लगायतका पक्षको विश्लेषण भएको छ। मुर्रे डि.इ. र क्रिश्चियन एम. (सन् २०१०) द्वारा ह्वाट इङ्ग्लिस ल्याङ्वेज टिचर्स निड टु नो शीर्षकको सन्दर्भ सामग्री तयार गरिएको छ। उक्त सामग्रीमा भाषा शिक्षणको अवस्था, प्रक्रिया तथा उपयुक्त शिक्षणका रणनीतिका सम्बन्धमा विश्लेषण गरिएको छ।

अध्ययन विधि

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा आधारित रहेको छ। तथ्याङ्क सङ्कलनका लागि तनहुँ जिल्लाका सामुदायिक र संस्थागत विद्यालयमा माध्यमिक तह (कक्षा ९ र १०) मा अध्यापनरत चारजना मगर मातृभाषिक पृष्ठभूमिका नेपाली भाषा शिक्षकहरूलाई उद्देश्यपूर्ण नमुना छनोट पद्धतिका आधारमा चयन गरिएको छ। चयन भएका स्रोत शिक्षकसँग खुला तथा गहन अन्तर्वार्ता गरी रेकर्ड गरेर प्राथमिक स्रोतका तथ्याङ्क सङ्कलन गरिएको हो। अन्तर्वार्ताका क्रममा सूचकलाई मगर मातृभाषी भएकै कारण नेपाली शिक्षणमा केकस्तो बाधा, सुविधा, अवसर, समस्या, चुनौती आइपरेको छ ? भन्ने खालका प्रश्नहरूमा केन्द्रित गर्दै अनुभव सुनाउन जोड गरिएको थियो। तथ्याङ्क सङ्कलन भएपछि सर्वप्रथम अन्तर्वार्ता रेकर्डको जस्ताको तस्तै अभिलेखन गरियो।

त्यसपश्चात् क्रमशः कोडिङ गरी सटिक बनाउने, वर्गीकरण गर्ने, शीर्षक दिने, व्याख्या विश्लेषण गर्ने र निष्कर्षमा पुग्ने प्रक्रिया अवलम्बन गरिएको छ । विभिन्न विद्वानहरूका स्रोत तथा सन्दर्भ सामग्री, नेपाली र मगर भाषाका बिच भएका तुलनात्मक अध्ययनसँग सम्बन्धित शोधकार्य तथा अङ्ग्रेजी भाषा शिक्षणसँग सम्बन्धित केही सामग्रीलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा उपयोग गरिएको छ । उपर्युक्त प्रक्रिया व्यवस्थित रूपमा पुरा गरेर मात्र अन्तिम लेखन कार्य गरिएकाले प्रस्तुत अध्ययन उपयुक्त, वैज्ञानिक, प्रक्रियासम्मत, विश्वसनीय एवम् वैधतायुक्त रहेको छ ।

अध्ययनको परिसीमा

प्रस्तुत अध्ययन मगर मातृभाषी शिक्षकद्वारा माध्यमिक तहमा नेपाली भाषा शिक्षणका क्रममा भोग्नुपरेको बाधा तथा सुविधामा केन्द्रित रहेको छ । तनहुँ जिल्लामा सामुदायिक तथा संस्थागत विद्यालयमा माध्यमिक तह (कक्षा ९ र १०) मा शिक्षण गर्ने चारजना नेपाली भाषा शिक्षकहरूलाई मात्र नमुनाका रूपमा छनौट गरिएको छ । प्राथमिक स्रोतको तथ्याङ्क सङ्कलनका लागि खुला अन्तर्वार्तालाई मात्र साधनको रूपमा उपयोग गरिएको छ ।

प्राप्ति र छलफल

भाषा शिक्षणमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको अभ्यास गरिन्छ । माध्यमिक तह (कक्षा ९ र १०) मा नेपाली भाषा शिक्षण गर्ने शिक्षक दक्ष, तालिमप्राप्त एवम् गहिरो भाषिक ज्ञान भएको हुनु आवश्यक छ । प्राथमिक र द्वितीयक दुबै स्रोतका सामग्री उपयोग गरिएको प्रस्तुत अध्ययनमा सर्वप्रथम द्वितीयक स्रोतबाट नेपाली भाषा शिक्षण, भाषा शिक्षक, विमातृभाषी शिक्षकद्वारा नेपाली शिक्षण, मगर मातृभाषी शिक्षकको नेपाली भाषा शिक्षणमा संलग्नता लगायतका पक्षको सैद्धान्तिक विश्लेषण गरिएको छ । प्राथमिक स्रोतबाट सङ्कलित तथ्याङ्कबाट मगर मातृभाषी शिक्षकहरूले नेपाली भाषा शिक्षणका क्रममा भोग्नुपरेको बाधा, सुविधा तथा समग्र अनुभवको विश्लेषण गरिएको छ ।

अन्यभाषी शिक्षकद्वारा नेपाली भाषा शिक्षण

नेपाल बहुभाषिक मुलुक हो । नेपालमा सयभन्दा बढी जातजाति तथा मातृभाषाहरू रहेका छन् । नेपाली भाषा नेपालमा बसोबास गर्ने सबै जातजाति तथा भाषाभाषीको साझा सम्पर्कको माध्यम हो । नेपाली भाषा समृद्ध, विकसित एवम् देश विदेशमा फैलिएको भाषा हो । व्यापक क्षेत्रमा फैलिएका कारणले नेपाली भाषा जाति, समुदाय तथा भूगोलअनुसार फरक फरक तरिकाले बोल्ने गरेको पाइन्छ । फरक मातृभाषी वक्ताले नेपाली बोल्दा एवम् लेख्दा पहिलो भाषाको प्रभावले केही फरक हुनसक्छ । नेपाली भाषाकै भाषिकाको प्रभावले पनि स्तरीय नेपालीमा प्रभाव पर्नसक्छ भने अन्य भाषा भाषी शिक्षकले नेपाली शिक्षण गर्दा पनि स्तरीयतासँग सम्बन्धित केही समस्या आउनु स्वाभाविक हो । शिक्षकले स्तरीय नेपालीको शिक्षण गर्दा यसको शिष्ट एवम् स्तरीय प्रयोगमा आफूलाई सन्देह रह्यो भने यस भाषाका शिष्ट एवम् शिक्षित प्रयोक्तालाई पछ्याउनुपर्छ (अधिकारी, २०६७ : ७) ।

पहिलो भाषामा परेको बानीले दोस्रो भाषाको प्रयोग व्यवहारमा बाधा र सुविधाको स्थिति सिर्जना हुन्छ । नेपाली भाषा भारोपेली परिवारअन्तर्गत पर्दछ । तनहुँ जिल्ला तथा वरपर बोलिने मुख्य मुख्य अन्य भाषाहरूमा मगर, गुरुङ, नेवारी आदि हुन् । उक्त भाषाहरू भारोपेली परिवारअन्तर्गत पर्दैनन्, चिनिया तिब्बती परिवारअन्तर्गत पर्दछन् । मगर, गुरुङ आदि भाषिक पृष्ठभूमिका वक्ताले नेपाली बोल्दा र लेख्दा प्रायः उच्चारण, वाक्य गठन, पदसङ्गतिमा फरक प्रयोग गरेको पाइन्छ । अन्य भाषा भाषी शिक्षकले नेपाली भाषा शिक्षण गर्दा पनि यिनै क्षेत्रमा बढी बाधा हुन सक्ने देखिन्छ ।

श्रेष्ठ (२०७३) का अनुसार नेपाली र मगर भाषाको समग्र भाषिक व्यवस्थामा निकै अन्तर रहेको छ । इतिहास, लिपि, भाषा परिवार, वर्ण व्यवस्था आदिमा धेरै फरक रहेको देख्न सकिन्छ । व्याकरणमा पनि धेरै फरक रहेको पाइन्छ । स्रोत भाषा र लक्ष्य भाषाका भाषिक व्यवस्थामा जति समानता हुन्छ त्यति नै दोस्रो भाषा सिकाइमा सकारात्मक स्थानान्तरण हुन्छ । नेपाली भाषी वक्तालाई हिन्दी भाषा सिक्न जति सहज हुन्छ त्यति सजिलो मगर भाषा सिक्न हुँदैन । यद्यपि नेपाली समाज मिश्रित भएकाले र मगर मातृभाषी वक्ताले पनि असचेत रूपमै सँगसँगै नेपाली पनि सिक्ने भएकाले फरक पारिवारिक भाषाजस्तो वा विदेशी भाषाजस्तो चाहिँ महसुस हुँदैन र सिकाइ स्वाभाविक बन्न पुग्छ । पोखरेल (२०७१) का अनुसार मगर मातृभाषी वक्तालाई खास खास प्रसङ्गमा नेपाली बोल्दा र लेख्दा केही असहज भएको देखिन्छ । उच्चारणमा सबैभन्दा बढी फरक पर्ने गरेको पाइन्छ । पदसङ्गति अन्तर्गत आदर र वचनमा पनि कतिपयले फरक प्रयोग गर्ने गरेको पाइन्छ ।

नेपाली र मगर भाषाको भाषिक व्यवस्था

नेपाली र मगर दुई स्वतन्त्र भाषाहरू हुन् । दुबै भाषाका आआफ्नै मौलिक व्यवस्था छन् । छुट्टाछुट्टै भाषिक व्यवस्था भए पनि यी भाषाहरूमा केही समानता तथा केही भिन्नताहरू रहेको पाइन्छ । वर्णव्यवस्थामा पनि समानता र भिन्नता दुबै स्थिति छ । अधिकांश वर्णहरू समान छन् । त्यस्तै रूप, वाक्य गठन, व्याकरण, अर्थ आदि व्यवस्थामा पनि धेरै समानता र केही भिन्नताको स्थिति रहेको पाइन्छ । यी दुई भाषाको सामाजिक, सांस्कृतिक, भौगोलिक पृष्ठभूमिमा समानता छ । उत्पत्ति, इतिहास र विकासमा पनि प्रायः समानता नै देखिन्छ । भाषामा खुला व्यवस्था हुन्छ । नजिकका भाषाहरूमा धेरै शब्दहरू समान भएको देखिन्छ । सोही कारणले नेपाली र मगर भाषामा पनि कतिपय शब्दहरू समान छन् । यी दुबै नेपालका राष्ट्रभाषाहरू हुन् । दुबै भाषामा साहित्य लेखन, व्याकरण लेखन, कोश निर्माणजस्ता कार्यहरू भएका छन् । मगर भाषा मगर जातिको मातृभाषा हो भने 'नेपाली' सम्पूर्ण नेपालीलाई एकताको सूत्रमा बाँध्ने साझा भाषा हो । नेपाली भाषा भारोपेली परिवारअन्तर्गत र मगर भाषा भोट चिनियाँ परिवारअन्तर्गत पर्दछ । यी दुई भाषाहरू समपारिवारिक भाषाहरू होइनन् । विषमपारिवारिक भाषाहरू भएकै कारणले यी दुईका वर्णव्यवस्था, व्याकरण व्यवस्था, अर्थ व्यवस्था लगायतका पक्षमा धेरै विभिन्नता रहेको पाइन्छ । नेपाली भाषामा २९ वटा स्वर वर्ण र ६ वटा व्यञ्जन वर्ण व्यतिरेकी छन् । मगर भाषामा वर्णको सङ्ख्याका सम्बन्धमा विद्वानहरूका मतमा केही फरक परेको देखिन्छ । श्रेष्ठ (२०७३) ले

मगर भाषााम ३२ वटा व्यञ्जन वर्ण र १२ वटा स्वर वर्ण हुन्छन् भनेका छन् । अन्य विद्वानहरूले मगर भाषाामा २६ वटा व्यञ्जन वर्ण र ६ वटा स्वर वर्ण रहेको बताएका छन् । सङ्ख्यामा मतैक्यता नभए पनि नेपालीका कुन कुन वर्ण मगर भाषामा छैनन् भन्नेमा चाहिँ एकमत रहेको देखिन्छ । नेपाली भाषामा रहेका ई, ऊ, ऐ, ऋ, ओ, औ, अं लेख्य स्वरवर्ण मगर भाषामा पाइँदैन । अ, आ, इ, उ, ए र अः वर्णहरू भने मगर भाषामा पनि रहेका छन् ।

मगर भाषाका वर्णहरू प्राचीन अक्खा लिपिमा लेखिने भए पनि आजभोलि देवनागरी लिपिमा नै लेख्न थालिएको छ । त्यस्तै नेपालीमा भएका ण, त, थ, द, ध, श, ष, क्ष, त्र, ज्ञ व्यञ्जन वर्ण मगर भाषामा छैनन् । नेपालीमा भएका क, ख, ग, घ, ङ, च, छ, ज, झ, ञ, ट, ठ, ड, ढ, न, प, फ, ब, भ, म, य, र, ल, व, स, ह वर्णहरू भने मगर भाषामा पनि रहेका छन् । मगर भाषामा नभएका वर्णहरू र उक्त शब्दहरू उच्चारण तथा लेखाइमा मगर मातृभाषी व्यक्तिहरूलाई केही अलमल भएको पाइन्छ । मगर भाषाका केही विद्वानहरूले मगर भाषााम र नेपाली भाषामा पदसङ्गतिमा फरक व्यवस्था छैन भनेका भनेका छन् तर तनहुँमा बोलिने मगर भाषामा पदसङ्गतिको प्रयोगमा पनि फरक फरक व्यवस्था रहेको पाइएको छ । नेपालीमा लिङ्ग सङ्गतिमा कर्ताअनुसार क्रियापदमा पनि फरक पर्छ तर मगर भाषामा यस्तो छैन । जस्तै :

नेपाली भाषा	**मगर भाषा**
भाइ घर जान्छ ।	*भोइ इमा नुले ।*
बहिनी घर जान्छे ।	*नानी इमा नुले ।*

नेपालीमा 'भाइ' अर्थात् पुलिङ्गका लागि 'जान्छ' क्रियापद प्रयोग भएको छ । त्यस्तै 'बहिनी' अर्थात् स्त्रीलिङ्गका लागि 'जान्छे' क्रियापद प्रयोग भएको छ । तर मगर भाषामा भने भाइ र बहिनी दुबैलाई 'नुले' क्रियापद प्रयोग भएको छ । पदसङ्गतिअन्तर्गत लिङ्गको प्रयोगमा जस्तै स्थिति वचनको प्रयोगमा पनि देखिन्छ । नेपाली र मगर दुबै भाषामा बहुवचन जनाउनका लागि वचनबोधक प्रत्यय प्रयोग हुन्छ तर मगर भाषामा नेपालीमा जस्तो छुट्टै क्रियापदको भने प्रयोग भएको देखिँदैन । जस्तै :

नेपाली भाषा	**मगर भाषा**
साथी बन्दीपुर गयो ।	*लाफा बन्दीपुर नुहा ।*
साथीहरू बनदीपुर गए ।	*लाफाको बन्दीपुर नुहा ।*

नेपालीमा वचनबोधक प्रत्यय 'हरू' जस्तो मगर भाषामा 'को' प्रयोग भएको छ । तर नेपालीको क्रियापदमा एकवचनका लागि 'गयो' र बहुवचनका लागि 'गए' प्रयोग भएको छ । मगर भाषामा भने दुबै वचनका लागि समान क्रियापद 'नुहा' को प्रयोग भएको छ । यही र यस्तै भाषिक व्यवस्थाको प्रभाव नेपालीको प्रयोगमा पनि परेको देखिन्छ । मगर भाषामा आदरको प्रयोगमा पनि नेपालीमा भन्दा भिन्न प्रयोग भएको पाइन्छ । नेपालीमा आदरसूचक शब्दबाहेक क्रियापदमा पनि आवश्यकताअनुसार फरक शब्द प्रयोग हुन्छ तर मगर भाषामा फरक क्रियापद प्रयोग भएको देखिँदैन । जस्तै :

नेपाली भाषा	**मगर भाषा**
बहिनी बजार गई ।	*नानी बजार नुहा ।*
आमा बजार जानुभयो ।	*मोई बजार नुहा ।*

यसप्रकार नेपाली र मगर भाषाको भाषिक व्यवस्थामा फरक फरक प्रयागहरू देख्न सकिन्छ । काल, पक्ष, भाव, वाच्य आदिमा पनि गहिरिएर अध्ययन गर्दा केही न केही फरक प्रयोग पत्ता लगाउन सकिन्छ । यसतर्फ अझ धेरै अध्ययनहरू हुन जरुरी छ ।

मगर मातृभाषी शिक्षकद्वारा नेपाली शिक्षण

तनहुँ जिल्लामा मगर मातृभाषीको बाहुल्यता रहेको छ । यहाँ सबैभन्दा धेरै जनसङ्ख्या मगर समुदायकै रहेको छ । विद्यालय तथा क्याम्पस तहमा पनि बढी जनसङ्ख्या हुनुको प्रत्यक्ष प्रभाव परेको देखिन्छ अर्थात् विद्यालय तथा उच्च शिक्षा दिने शैक्षिक संस्थाहरूमा मगर मातृभाषी विद्यार्थीहरूको बाहुल्यता रहेको छ । शिक्षण पेशामा पनि मगर समुदायका व्यक्तिहरूको उपस्थिति र आकर्षण बढ्दो छ । माध्यमिक तहको नेपाली विषय शिक्षकका रूपमा पनि केही मगर भाषिक पृष्ठभूमिका व्यक्तिहरूको उपस्थिति रहेको छ र यो क्रम बढ्दो छ । मगर मातृभाषी पृष्ठभूमिका माध्यमिक नेपाली भाषा शिक्षकहरूको शिक्षण अनुभवको विश्लेषण यो लेखको उद्देश्य भएकाले खुला अन्तर्वार्ताको सहायताले प्राप्त केही अनुभवहरूको आधार लिएर अध्ययन गरिएको छ ।

चुनौती र बाधा

नेपाली भाषा शिक्षणलाई स्तरीय, शुद्ध, मानक एवम् प्रभावशाली बनाउने कार्य चुनौतीपूर्ण रहेको छ । भाषा विचार विनिमयको प्रभावशाली साधन हो । भाषा एक किसिमको बानी पनि हो । एउटा भाषामा बानी परेको वक्तालाई अर्को भाषा प्रयोग व्यवहार गर्दा पहिलो भाषाको बानीले बेला बेलामा समस्या सिर्जना गरेको पाइन्छ । नेपाली भाषा शिक्षणमा अन्य विषय शिक्षणका तुलनामा शुद्धाशुद्धी एवम् मानक प्रयोगलाई अलिक बढी नै महत्त्व दिने गरिन्छ; यो राम्रो पक्ष पनि हो । सामान्यतया मगर मातृभाषी पृष्ठभूमिका शिक्षकलाई नेपाली भाषिक पृष्ठभूमिकै शिक्षकलाईभन्दा शुद्धाशुद्धीमा अलिक बढी चुनौती रहेको देखिन्छ । यद्यपि सबै मगर भाषिक पृष्ठभूमिका शिक्षकलाई शुद्धाशुद्धीमा समस्या हुन्छ भन्नु चाहिँ सर्वथा गलत हुन्छ । यसमा स्रोत शिक्षकहरूको पनि स्वीकारोक्ति रहेको छ । यस सन्दर्भमा अन्तर्वार्तामा सहभागी शिक्षकबाट व्यक्त विचार यसप्रकार रहेको छ :

म सकेसम्म सचेततापूर्वक नेपाली भाषाको प्रयोग गर्छु । तर जतिसुकै सचेत भए पनि कहिलेकाहीँ फरक अर्थात् अमानक प्रयोग भैहाल्दो रहेछ । पछि विचार गर्दा बल्ल मेसो पाउँछु । यस्तो अवस्था धेरैपटक आएको छ । मैले आफूलाई समस्या पर्ने ठाउँमा अलि धेरै पटक सोचेर, मनमनै गमेर, अभ्यास गरेर भाषाको प्रयोग गर्छु ।

नेपाली भाषा र मगर भाषामा धेरै अन्तर रहेको छ । यी दुई भाषाहरू फरक फरक भाषापरिवारअन्तर्गत रहेका छन् । नेपाली भाषा भारोपेली भाषापरिवारअन्तर्गत पर्दछ भने मगर भाषा भोट चिनिया परिवारअन्तर्गत पर्दछ । नेपाली भाषा देवनागरी लिपिमा लेखिन्छ भने मगर भाषाको वास्तविक लिपि ‘अक्खा’ हो । यद्यपि आजभोलि

उक्त लिपिको स्थान देवनागरी लिपिले नै लिन थालेको स्रोत शिक्षकहरूको बुझाइ छ । नेपाली भाषाको जननी भाषा संस्कृत हो, भनिन्छ । संस्कृत अध्ययन गरेका शिक्षकहरूले नेपाली भाषा विषय शिक्षण गर्दा स्तरीय एवम् मानक हुन्छ भन्नेमा विद्वानहरूको मतैक्यता रहेको छ । मगर भाषा र नेपाली भाषाको भाषिक व्यवस्थामा धेरै अन्तर भएकाले मगर मातृभाषी शिक्षकलाई नेपाली भाषा शिक्षणमा बाधा भएको हो भन्ने गरिन्छ । यस सम्बन्धमा सहभागी शिक्षकको धारणा यसप्रकार रहेको छ :

हामी मगर भाषी वक्ताहरूको लबज एकदम फरक हुन्छ । कहिलेकाहीँ केही उच्चारण र लबज फरक गर्नाले विद्यार्थीहरूले भनेका पनि छन् । संस्कृत पढेका गुरुहरूको जस्तो स्तरीय एवम् शुद्ध प्रयोग त हामीले गर्नै सकिँदैन । कहिलेकाहीँ उच्चारण र लबजकै कारण आफैँलाई अप्ठ्यारो लाग्छ ।

नेपाली भाषा र मगर भाषाका वर्ण व्यवस्था, पदसङ्गति, शब्दप्रयोग, वाक्य निर्माण आदिमा आआफ्नै मौलिक व्यवस्था रहेकाले फरक फरक प्रयोग भएको हो । नेपाली भाषामा भएका कतिपय वर्णहरू मगर भाषामा छैनन् भने मगर भाषामा भएका कतिपय वर्णहरू नेपालीमा छैनन् । नेपाली भाषामा भएका 'त' वर्गका वर्णहरू मगर भाषामा नभएकाले मगर मातृभाषी वक्ताले 'त' का ठाउँमा 'ट' उच्चारण गर्ने गरेको स्रोत शिक्षकहरूको धारणा रहेको छ । औच्चार्य भाषाको प्रत्यक्ष प्रभाव लेख्य भाषामा पनि पर्ने गरेको देखिन्छ । यद्यपि लेखाइका तुलनामा कथ्य भाषामै बढी समस्या देखिने गरेको छ । यस सम्बन्धमा एक सहभागीको भनाइ यस्तो थियो :

मलाई 'त' वर्गीय वर्ण प्रयोग भएका शब्दहरूको उच्चारणमा समस्या हुन्छ । तर एकछिन सोचेर मैले यहाँ 'त' भन्नुपर्छ भनेर सचेत भएपछि चाहिँ समस्या हुँदैन । बेलाबेलामा चिप्लिहाल्छ । नेपाली मातृभाषी वक्तालाईजस्तो मलाई त्यस्ता वर्णहरू प्रयोग भएका शब्दहरू फ्याट्टै आउँदैन, अलि सोचेर भन्दा चाहिँ आउँछ ।

नेपाली नै मातृभाषा भएका शिक्षकलाईभन्दा नेपालीइतर मातृभाषा भएका नेपाली विषय शिक्षकलाई थप अभ्यास र मिहिनेत गर्नुपर्ने हुन्छ । आफ्नो मातृभाषाको फरक बानी पहिचान गरेर भाषिक अनुभवको नकारात्मक स्थानान्तरण नहोस् भन्नेतर्फ सचेत हुनु आवश्यक छ । पदसङ्गति शिक्षण गर्दा अलिक बढी नै होसियार हुनुपर्ने देखिन्छ । मगर भाषामा आदर, लिङ्ग आदिमा केही फरक व्यवस्था हुने भएकाले पदसङ्गति शिक्षणमा बाधा पुग्ने गरेको सहभागीहरूको मत रहेको छ । यससम्बन्धमा एक सहभागीको विचार हेरौँ :

मगर भाषामा र नेपाली भाषामा लिङ्ग, वचन र आदरको प्रयोगमा फरक परेको छ । मगर भाषामा पनि लिङ्ग, वचन, आदरको व्यवस्था छ तर क्रियापदमा नेपालीमा जस्तो फरक छैन । आदरमा पनि मगर भाषामा क्रियापद छुट्टै प्रयोग भएको देखिँदैन त्यसैले नेपालीको लिङ्ग, वचन र आदरमा फरक प्रयोग गर्न पुगिन्छ ।

मगर मातृभाषा हुने सबै नेपाली भाषा विषय शिक्षकले उच्चारण, पदसङ्गति, शुद्धाशुद्धी लगायतका पक्षमा अमानक प्रयोग गर्छन् भन्नु सही होइन । कतिपय अवस्थामा धेरथोर अप्ठ्यारो महसुस हुनु स्वाभाविक हो । नेपाली भाषा शिक्षणमा लामो अनुभव, द्विभाषिक वातावरणमा मातृभाषा सँगसँगै नेपाली भाषाको सिकाइ, उच्च अध्ययन, मगर र नेपालीको व्यतिरेकी अध्ययन, प्रशस्त अभ्यास आदि कारणले गर्दा नेपालीको स्तरीय प्रयोगमा दक्षता हासिल भएको स्थिति पनि देखिन्छ । अर्को महत्त्वपूर्ण पक्ष के छ भने नेपाली मातृभाषा भएकै नेपाली भाषा

शिक्षकलाई पनि शिक्षणमा विविध खालका समस्या आइपर्छन् । भाषिक समस्या पर्नु एवम् अमानक प्रयोग गर्नुका कारणहरू अनेकौँ हुनसक्छन् । मूल वक्तालाई पर्ने समस्याको क्षेत्र र फरक मातृभाषी वक्तालाई पर्ने समस्याको प्रकृति अलग अलग हुन सक्नेतर्फ भाषा शिक्षक जानकार हुनुपर्दछ । अन्तर्वार्तामा संलग्न शिक्षकहरूले आजभोलि आफूलाई फरक मातृभाषी भएकै कारणले नेपाली शिक्षणमा उल्लेख्य बाधा वा असुविधा नरहेको बताएको पाइयो । केही सामान्य त्रुटि वा लबज फरक पर्नु चाहिँ स्वाभाविक हो भन्ने गरेको पाइयो । आफूले शिक्षण गर्ने विद्यार्थीहरूको भाषिक पृष्ठभूमिका कारणले पनि कहिलेकाहीँ अलिअलि समस्या परेको पनि सहभागीहरूले बताए । यस सम्बन्धमा एक सहभागीको विचार यस्तो रहेको पाइयो :

मेरो मातृभाषा मगर भए पनि मलाई नेपालीमा त्यस्तो समस्या छैन । हामीले नेपाली भाषा र मगर भाषा एकैपटक पहिलो भाषा सरह जानेको हो । अङ्ग्रेजी बोल्नेले वा अरु विदेशीले नेपाली भाषा सिक्दाजस्तो समस्या हामीलाई हुने कुरै भएन । सँगसँगै बाल्यकालमै दुबै भाषा सिकेका कारणले होला मलाई नेपाली मातृभाषा हुनेलाई जस्तै सहज हुन्छ ।

मगर भाषामा पनि प्रशस्त भाषिक भेद रहेको बुझियो । सहभागीका विभिन्न जिल्लामा अध्यापन गर्दाको अनुभवका आधारमा पाल्पा, म्याग्दी र तनहुँको मगर भाषामा फरक फरक मौलिक शब्दहरू रहेको र बोलाइमा पनि भिन्नता रहेको पाइयो । उक्त भेदहरूबिच सहजै बोधगम्यताको स्थिति रहेको पाइयो । उक्त भेदहरूलाई मगर भाषाको भाषिका भन्न सकिन्छ । मगर भाषामा रहेको भाषिक भेदका कारणले पनि नेपालीको प्रयोगमा विविधता आउन सक्ने देखिन्छ । यसरी अन्तर्वार्तामा सहभागी शिक्षकहरूबाट व्यक्त विचार, द्वितीयक स्रोतका सामग्रीहरूको अध्ययन, आफ्नै विविध अनुभव, अनुसन्धान कार्य आदिका आधारमा मगर मातृभाषी नेपाली विषय शिक्षकलाई केतिपय भाषिक क्षेत्रमा समस्या रहेको पाइयो । केही शिक्षकहरूलाई उच्चारण, लबज, पदसङ्गति, शुद्धाशुद्धी र मानक प्रयोगमा बाधा पर्ने गरेको निष्कर्षमा पुग्न सकिन्छ । नेपाली मातृभाषी र अन्य मातृभाषी शिक्षकले नेपाली शिक्षण गर्दा पर्न गएको फरकपनलाई विद्यार्थीहरूले समेत भन्ने गरेको कुराले पनि यसलाई थप पुष्टि गर्छ ।

निष्कर्ष

नेपाली भाषा शिक्षणलाई आधुनिक, वैज्ञानिक, स्तरीय, मानक एवम् वर्तमान समय सुहाउँदा बनाउनका लागि यस प्रकारको अध्ययन, अनुसन्धानले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । नेपाल बहुभाषिक, बहुजातीय, बहुधार्मिक तथा विविधतै विविधताले भरिपूर्ण मुलुक भएकाले यहाँ विभिन्न जातजाति तथा भाषा भाषीको मिश्रित बसोबास छ । तनहुँ जिल्लामा सबैभन्दा धेरै जनसङ्ख्या मगर जातिको रहेको छ । स्वाभाविक रूपमा यहाँ मगर मातृभाषी वक्ताको बाहुल्यता रहेको छ । मगर मातृभाषी व्यक्तिहरू नेपाली भाषा शिक्षणमा पनि सक्रिय रहेकाले प्रस्तुत अध्ययनमा मगर मातृभाषी शिक्षकको नेपाली भाषा शिक्षण अनुभवको विश्लेषण गर्ने जमर्को गरिएको हो । अध्ययनले नेपाली र मगर भाषाको भाषिक व्यवस्थामा धेरै अन्तर भएको कारणले फरक व्यवस्थाको प्रभाव नेपालीको प्रयोगमा परेको देखाएको छ । मगर मातृभाषा भएका शिक्षकलाई नेपाली भाषा शिक्षणमा उच्चारण,

लबज, लिङ्ग, वचन, आदरको प्रयोग, शब्द चयन, शुद्धाशुद्धी, वर्णविन्यास आदिमा समस्या हुने गरेको पाइयो । नेपालीमा भएका त, थ, द, ध वर्ण मगर भाषामा नभएको र सोही कारणले 'त' वर्गीय उच्चारणमा समस्या भई 'ट' उच्चारण गर्ने गरेको पाइयो ।

मगर मातृभाषा भएकै कारण यस्तो समस्या पर्ने गरेका शिक्षकहरूले नेपाली प्रयोगमा निकै सचेतता अपनाएर सोची सोची बोल्ने गरेको पाइयो । पाल्पा, स्याङ्जातिर बोलिने मगर भाषामाभन्दा तनहुँमा बोलिने मगर भाषामा पदसङ्गति फरक परेकाले यहाँ नेपाली प्रयोग गर्दा पनि त्यसको प्रत्यक्ष प्रभाव परेको पाइयो । अर्थात् नेपालीमा मानक सङ्गतिको प्रयोग पाइएन । लिङ्ग, आदर र वचनमा फरक प्रयोग गरेको पाइयो । यद्यपि मगर मातृभाषी शिक्षकलाई मगर मातृभाषी विद्यार्थी तथा अन्य साधारण वक्तालाईजस्तो समस्या भने नभएको पाइयो । उच्च अध्ययन, भाषिक समस्या भएका क्षेत्रमा प्रशस्त अभ्यास, नेपाली र मगर भाषाको व्यतिरेकी अध्ययन तथा शिक्षण अनुभवले दुबै भाषामा दक्षता हासिल भएकाले अपेक्षित समस्या नरहेको पाइयो । तनहुँ जिल्लामा धेरै ठाउँमा विद्यार्थीहरू पनि मगर मातृभाषी रहेको र सोही प्रकृतिको विद्यालयमा अध्यापन गर्न पाउँदा मगर मातृभाषी शिक्षकलाई झनै सहज भएको पाइयो । मगर मातृभाषी विद्यार्थीका भाषिक समस्यालाई नजिकबाट बुझेर प्रशस्ता अभ्यास गराउन सकिने भएकाले त्यस्तो अवस्थामा नेपाली भाषा शिक्षण प्रभावकारी भएको पाइयो ।

सन्दर्भ सामग्री

अधिकारी, हेमाङ्गराज (२०६७). *प्रयोगात्मक नेपाली व्याकरण.* साझा प्रकाशन ।

अधिकारी, हेमाङ्गराज (२०६७). *भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति.* विद्यार्थी पुस्तक भण्डार ।

क्रेसबेल, जे.डब्लु. (सन् २००९). *रिसर्च डिजाइन : क्वालिटेटिभ, क्वान्टिटेटिभ एन्ड मिक्स मेथड्स एप्रोएच.* सेग पब्लिकेसन ।

खनाल, पेशल (२०६७). *शैक्षिक अनुसन्धान पद्धति.* सनलाइट पब्लिकेसन ।

घिमिरे, विष्णु (२०८०). *मगर मातृभाषी विद्यार्थीहरूले नेपाली वाक्य गठनमा प्रयोग गर्ने सङ्गतिको विश्लेषण. आदिकवि जर्नल.* वर्ष १२(१). पृ (१०५–११६) ।

टेलर एण्ड फ्रेन्सिज (सन् २०१३). *ननेटिभ एजुकेटर्स इन इङ्ग्लिस ल्याङ्वेज टिचिङ* : संयुक्त अधिराज्य ।

पोखरेल, हरिपर्पन (२०६९). *नेपाली र मगर भाषाबिच पदसङ्गतिको तुलनात्मक अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र). नेपाली शिक्षा विभाग, सिन्धुली बहुमुखी क्याम्पस ।

पौडेल, माधवप्रसाद (२०६७). *भाषा पाठ्यक्रम, पाठ्यसामग्री तथा शिक्षण पद्धति.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

बेकर, एम.सी. (सन् २००८). *द सिन्ट्याक्स अफ एग्रिमेन्ट एण्ड कन्कर्ड.* (एन.पी.) : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

भण्डारी, मानबहादुर (२०६०) *नेपाली र मगर भाषाको वाक्य सङ्गतिको व्यतिरेकी अध्ययन.* (अप्रकाशित स्नातकोत्तर शोधपत्र). नेपाली शिक्षा विभाग, त्रिवि ।

मुर्रे डि. इ. र क्रिश्चियन एम. (सन् २०१०). *ह्वाट इङ्ग्लिस ल्याङ्वेज टिचर्स निड टु नो.* भोलुम १ : युक्रेन ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६७).*नेपाली भाषा र साहित्य शिक्षण.* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

सिँजाली, विष्णुकुमार (२०७१). *आदिवासी मगरका विविध पक्षहरू.* काठमाडौं : मगर अध्ययन केन्द्र ।

श्रेष्ठ, रमेशकुमार (२०७३). *मगर भाषा र नेपाली भाषाको व्यतिरेकी अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र). नेपाली शिक्षा विभाग, त्रिवि